अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार : व्यक्ति, समाज र राष्ट्र जिम्मेवर

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily

हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १० | अंक ११० | २३ कार्तिक २०८१ शुक्रबार | 8 November 2024 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# संस्कृतिको जर्गेना सबै समुदायले गर्नुपर्छ : राष्ट्रपति पौडेल



काठमाडौँ २२ कात्तिक

राष्ट्रपति रामचन्द्र पौडेलले कमलपोखरी र गौरीघाट पुगेर सूर्यसहित छठी माताको पूजा आराधना गरी अर्घ्य दिएका छन्। बिहीवार राष्ट्रपति पौडेलले कमलपोखरी र गौरीघाट पुगरे सूर्यसहित छठी माताको पूजा आराधना एवं अर्घ्यदान गरेका हुन्। उनले संस्कृतिको जर्गेना सबै समुदायले गर्नु पर्ने धारणा राखे।

देशका विभिन्न भागमा भव्यरूपमा मनाइने छठ पर्वका अवसरमा राष्ट्रपतिले प्रत्येक वर्ष गुह्येश्वरी र कमलपोखरीमा सूर्यदेवसहित छठी माताको पूजा आराधना गरी अस्ताउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रही आएको छ। प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने छठ पर्वका अवसरमा गुह्येश्वरी-गौरीघाट, कमलपोखरी, थापाथलीलगायत काठमाडौँ उपत्यकाका अन्य स्थानमा पनि भव्य रुपमा मनाउने गरिन्छ।

छठ पर्वका अवसरमा आज अस्ताउँदो सूर्यको पूजा गरी अर्घ्य दिन राजधानीका अन्य स्थानका साथै यहाँको छठघाट पनि भव्य रुपमा सजाइएको छ।

छठ पर्व हेर्ने सर्वसाधारणहरुको पनि छठ घाटमा उल्लेख्य भीड रहेको थियो। गुह्येश्वरी, गौरीघाट, कमलपोखरी, थापाथली, कुपण्डोल, नख्खु खोला, विष्णुमती र वागमती नदी किनारमा छठ घाट निर्माण गरी सजाइएको छ।

यी स्थानमा छठ घाटसँगै छठी माताको माटाको मूर्ति पनि निर्माण गरी पूजा आराधना गरिएको छ। आज बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिएका व्रतालु शुक्रवार बिहान सूर्य नउदाएसम्म छठ पूजास्थलमै जाग्राम बस्छन्।

बिहान उदाउँदा सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिएपछि चार दिन लामो छठ पर्व सकिन्छ। छठको व्रत बसेमा मनले चिताएको पूरा हुने कुरा सूर्यपुराणलगायत ग्रन्थमा वर्णित छ। महाभारतकालमा द्रौपदीसहित पञ्चपाण्डवले सूर्यको पूजा आराधना गरी एक वर्षे अज्ञातवास सफल भएको उल्लेख गरिएको छ। यसै विश्वासका आधारमा छठ पर्व मनाउने परम्परा शुरु भएको मानिन्छ।

## प्रधानमन्त्री ओलीद्वारा छठ पर्वको शुभकामना



काठमाण्डौ २२ कात्तिक

प्रधानमन्त्री केपी शर्मा ओलीले सूर्यको उपासना गरी मनाइने पवित्र पर्व छठका अवसरमा सबैमा शुभकामना व्यक्त गरेका छन्।प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत सबैमा शुभकामना व्यक्त गर्दै प्रकृति, मानिस र अन्य जीवहरूको अस्तित्व सूर्यसँग जोडिएको र सूर्यलाई ग्रहहरूले गर्ने परिक्रमाबाट नै समयको मापन सुरु भएको बताएका छन्।

प्रधानमन्त्री ओलीले पुर्खाहरूले प्राचीन समयदेखि नै सूर्यलाई इष्टदेवका रूपमा पुजिदै आएको उल्लेख गरेका छन्। "सूर्यको उपासना गरी मनाइने छठ पर्व, आज प्रकृति, मानिस र अन्य जीवहरूको अस्तित्व सूर्यसँग जोडिएको छ, सूर्यलाई ग्रहहरूले गर्ने परिक्रमाबाट नै समयको मापन सुरु भयो", छठ पर्वको अवसरमा शुभकामनामा व्यक्त गर्दै प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, "हाम्रा पुर्खाहरूले प्राचीन समयदेखि नै सूर्यलाई आदिदेवका रूपमा पूजा गर्दै आएका छन्, सूर्यको उपासना गरी मनाइने पवित्र पर्व छठको अवसरमा सबैलाई शुभकामना।

# बुद्धभूमिले दियो बालगृहका बालकलाई कम्मल

## न्यानो कपडाले बालकहरु खुशी



कपिलवस्तु २२ कात्तिक

कपिलवस्तु जिल्लाको तौलिहवा स्थित बालगृहका बेसाहरा बालकलाई कम्मल बाडिएको छ।

बुद्धभुमी नगरपालिकाले बालगृहमा रहेका ३२ बालकहरुलाई कम्मल बाडेको हो।

नगरपालिकाका मेयर केशव कुमार श्रेष्ठले बालगृहका बालकहरुलाई कम्मल हस्तान्तरण गरेका हुन।

मेयर श्रेष्ठले आफुले बाचा गरे अनुसारनै बालगृहका बालकहरुलाई कम्मल उपलब्ध गराएको बताए। उनले बालगृहलाई आफनो नगरपालिकाले बिभिन्न सामाग्री खरिदकालागि बार्षिक २ लाख बजेट बिनियोजन समेत गरेको बताए।

बालगृहलाई सबैले सहयोग गरी बेसाहरा बालकलाई प्रोत्साहन गर्नु पर्ने बताए। उनले आफनो पालिकाले बालगृहलाई थप सहयोग गर्ने समेत प्रबिद्धा ब्यक्त गरे।

सो अवसरमा नेपाल बाल संगठन कपिलवस्तुका अध्यक्ष गोपालमणि ज्ञवालीले बुद्धभुमी नगरपालिकाले बालगृहलाई लामो सयम देखि सहयाग गर्दे आएको बताए। उनले बालगृहकालागि सरकारी स्तरबाट कुनै सहयोग नभएको गुासो गरे।उनले बालगृहको विकासकालागि ३ वटै तहका सरकारले सहयोग गर्नु पर्ने बताए।

कार्यक्रममा बालगृहका ब्यवस्थापक राम प्रासद अर्यालले बुद्धभुमी नगरपालिकाले बालगुहलाई धेरै माया गरेको बताए। बार्षिकरुपमा २ लाख सहयोगका साथै दशै लगायतका पर्वहरुमा समेत सामाग्रीहरु सहयोग गर्ने गरेको उनले बताए।

विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको पवित्र जन्म स्थान लुम्बिनी भ्रमण गरौं।



लुम्बिनी विकास कोष
लुम्बिनी, रुपन्देही, नेपाल

# छठ पर्व :कपिलवस्तुमा ५ हजार बढीले गरे सामुहिक पुजा

कपिलवस्तु २२ कार्तिक

अस्ताउदो सुर्यलाई अर्ध्य दिदै कपिलवस्तुमा पनि हर्षोल्लासका साथ बिहीवार छठ पर्व मनाईएको छ। कपिलवस्तु नगरपालिका- १ चपरतल्ला स्थित सभ्भीया घाटकारुपमा रहेको जमुहार नदी, बाणगंगा नदीको रामघाटम छठी माताको पुजाआजा गर्दै यो पर्व मनाईएको हो।



रामघाट र जमुहार नदीमा ५ हजार बढी भक्तजनहरुले छठको सामुहिक पुजा गरेको छठ पुजा ब्यवस्थापन समितिले जनाएको छ। यस्तै कृष्णनगर, बहादुरगंज लगायतका स्थानमा रहेको पोखरीमा समेत भक्तजनहरुले सुर्यको बिशेष पुजापठा गरी सामुहिकरुमा यो पवै मनाएका हुन।

यस बर्ष भने गत बर्षको तुलनामा भक्तजनहरुको संख्या दोब्बर थियो। यस बर्ष भक्तजनको संख्या बढेको पुजा ब्यवस्थापन समितिका अध्यक्ष गणेशलाल कर्णले बताए। भक्तजनह जम्मा भएर सामूहिकरुपमा पुजापाठ समेत गरेका थिए।

पुजाआजाका लागि मधेसी, पहाडी, नेवार समुदमयकासहभागी थिए। बिशेष पुजाको अवसरमा उनीहरुले सुर्य

(बाँकी ३ पेजमा>>>

## सम्पादकीय

### महायज्ञ र महोत्सवको मौसम

मान्छेलाई कहिल्यै फुर्सत नहुने भो । यो छाडि त्यो, त्यो छाडि यो र ऊ । कहिले के कहिले के । जहिले पनि खर्चै बढाउने र चिढाउने समय मात्रै आउने, ल्याउने र सताउने । उत्पादनमूलक र आय आर्जनका काममा कहिले र कस्ले हो हिडाउने ? जता गयो उतै चन्दा र दानका रसिद देखाउने र भिडाउने मात्रै भेटिन्छन् । बाटा-घाटामा टीका लगाएदिएर, फूल-प्रसाद थमाएर, हात थाप्नेदेखि लिएर घरमै गएर जय सियाराम र बम्बम् भोलेनाथ भन्दै हात हेरेर नानाथरि आशीष दिएर भण्डारा लगाउने खर्च माग्नेहरु दिनहुँ आउँछन् । यता सप्ताहज्ञान महायज्ञ लगाउने र उता महोत्सव मनाउने भन्दै अर्थ संकलन गर्नेको धुइरो लाग्दै छ । के भनेर पठाउने हो र कसरी चित्त बुझाउने हो ? आम्दानी भए पो दिन पनि मन लाग्छ । आय अनुसारको व्यय गर्न पनि सकिन्छ । आयबिनाको व्ययले त सबैतिर क्षयमात्रै हुने हो । कसरी सम्हालिने हो ? सोच्न पर्ने भयो र विकल्प पनि खोज्न पर्ने समय आयो ।

देशको हालत त्यसै बिग्रेको होइन । जुनसुकै सरकारले पनि विकास निर्माण र उत्पादनमूलक काममा भन्दा आफ्नै, कर्मचारी, सुरक्षाकर्मी, न्यायाधीश, आयोग र नियोगका अनावश्यक खर्च मात्रै बढाउने धन्दामा लाग्दा बर्बाद भएको हो । एकतिरको कर्जा तिर्नकै लागि अर्कोतिरबाट कर्जा लिन पर्ने स्थिति आउनु अत्यन्तै दु:खद हो, सुविधामा रमाउनेले सुखद मानेर जेसुकै भने पनि । त्यसको असर माथिदेखि तलैसम्म परेको छ । सरकारी संयन्त्रको देखासिकी गैर-सरकारी तहमा समेत सरेको छ । सामाजिक संघ-संस्थामा परेर थामी नसक्नु छ सबैतिर । गाउँ समाजका सामान्य सामाजिक, व्यवहारिक एवं पारिवारिक छलफल र सर-सल्लाहका लागि बोलाउँदा समेत ज्याला अर्थात् खाममा हालेर दाम नदिने हो भने कोही आउँदैनन् अचेल । मान्छेको बानी यसरी बिगारिदिएका छन् कि कर्मकाण्डी काममा पनि एकदिनको ज्याला खोज्छन्, दिनमा पाँच ठाउँमा टीका लगाएर दक्षिणा बटुल्ने पण्डित बाजेले पनि ।

चाड-वाडको चिन्ता र पर्वको पीडाबाट भर्खरै बिसाउन पाएको हैन, छैन । फेरि मेला, महोत्सव, यज्ञ र महायज्ञका योजना सार्वजनिक गरिन थालेका छन् । ती सबै त्यसै हुने हैनन् । जुन गाउँ ठाउँमा गरिन्छन्, त्यो गाउँ ठाउँ वरिपरिका खल्ती र खुत्रुके रित्याउँने हुन । उठे, उठाएको रकम गर्ने र गराउनेले आपसमा बाँडेर लिन्छन्, खान्छन् । किनकि आजकालका मेला, महोत्सव, यज्ञ र महायज्ञ सबै ठेक्काप्रथामा चल्ने हुनाले । मिलिजुलि गर्ने, उठेको रकम बाँडिचुँडि लिने चलन धेरै पहिलेदेखि चलेको हो । बाहिर देखाउँदाखेरि मन्दिर, बृद्धाश्रम, किरियापुत्री भवन, योग साधना केन्द्र, विद्यालय, औषधालय, पुस्तकालय र वाचनालय एवं रंगशाला निर्माण समेतका बाचा गरिएका हुन्छन् । तर अन्तिममा यो, ऊ, त्यो खर्च देखाएर घाटा भएको विवरण सुनाउँछन् । हैन, बदमासी भयो, त्यत्रो उठेको रकम कहाँ गयो ? भनेर कसैले सोधेमा गाउँ ठाउँमा बस्न र हिड्न समेत मुस्किल हुने बनाउँछन् । सधैंका भुक्तभोगीले यस्तै बताउँछन् । कतिले सुन्नु भएको छ कुन्नि !

# स्थानीय सरकारको प्रश्न, 'खै संघीयता ?'

**खिमलाल देवकोटा**



समग्रतामा, संघीयतापश्चात् पनि संघ र प्रदेशले अधीनस्थजस्तो व्यवहार गरेको, आफ्नो अधिकार क्षेत्रमा हस्तक्षेप गरेको, बजेट वितरणमा विभेद गरेको, समानीकरण अनुदान कटौती गरेको गुनासो स्थानीय सरकारले गरेका छन्

केही साता अगाडि 'फेडरलिजम एन्ड लोकालाइजेसन सेन्टर' ले सातवटै प्रदेशमा आयोजना गरेको कार्यक्रमका दौरान केही पालिकाका प्रमुखलगायतका पदाधिकारीसँग लेखकले छलफल गरेको थियो। कतिपय पदाधिकारीले सेन्टरको कार्यक्रममा नै आफ्नो धारणा राखेका थिए। प्रदेश तहको उकुसमुकसजस्तै उनीहरूको पनि गुनासा र दुःखेसाका पोका थिए। प्रदेशको दुःखेसो संघप्रति लक्षित थियो भने स्थानीयको प्रदेश र संघप्रति। आलेख यही सेरोफेरोमा छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले स्थानीय सरकारलाई संघ र प्रदेश मातहतको जस्तो व्यवहार गर्ने गरेको गुनासो गरे। प्रदेशका सांसद तथा मन्त्री वडाध्यक्षभन्दा पनि तल्लोस्तरमा झरेर योजना तथा कार्यक्रम राख्ने गरेको, खानेपानीलगायत कैयौं संघीय कार्यालयले स्थानीयको कार्यक्षेत्रलाई मिचेको, प्रदेशका अधिकांश कार्यालयको कार्यक्षेत्र स्थानीयसँग बाझिएको उनको भनाइ थियो।

आधारभूत स्वास्थ्य र माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीयको भए पनि कर्मचारी र शिक्षकले यसलाई स्वीकार गर्न नसकेको, विकास निर्माणलगायतका विषयमा प्रदेशले नगरसँग समन्वय नगरेको गुनासो उनले सुनाए। जिल्ला सभाको कुनै औचित्य नभएको र जिल्लामा सुरक्षाबाहेक संघका कुनै पनि संरचना जरुरी नभएको आचार्यको भनाइ थियो। ७५३ वटा पालिकामा तीन जना मात्र मेयर रहेको जस्तो व्यवहार मिडियाले गर्ने गरेकामा उनको गुनासो रहेछ।

व्यास नगरपालिका तनहुँका प्रमुख वैकुण्ठ न्यौपानेले संघीय सरकारले समानीकरण अनुदान वितरणमा बलमिच्याइँ र ससर्त अनुदानका नाममा स्थानीय तहको स्वायत्तताको हनन गरेको, प्रदेशको व्यवहार पनि संघकै जस्तो रहेको र दुवै सरकारले नगरसँग आवश्यक समन्वय नगरेको गुनासो गरेका थिए। संघीयता बलियो हुन स्थानीय सरकार बलियो हुनुपर्छ। तर, कर्मचारी, वित्तीय स्रोतसाधनलगायतमा संघको नै दबदबाका कारण स्थानीय सरकारको हातखुट्टा बाँधिएको भन्ने गुनासो पदाधिकारीहरूको थियो।

शुक्लागण्डकी नगरपालिका तनहुँका प्रमुख कृष्णराज पण्डितले जुन उत्साहका साथ निर्वाचित भएको हो, त्यो उत्साह कर्मचारी व्यवस्थापन, वित्तीय स्रोत, कानुन तर्जुमा योजना कार्यान्वयनलगायतमा नभएको गुनासो गरे। संविधानले स्थानीय तहलाई राज्यको शक्ति नै दिएको छ। तर, व्यवहारमा त्यस्तो नदेखिएको, संघ र प्रदेशको सोच आफ्नो निकायजस्तो ठान्ने र विकास निर्माणलगायतमा नगरपालिकासँग समन्वय नगर्ने उनको गुनासो थियो। म्याग्दे गाउँपालिका, तनहुँका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले कुनै पनि तहका सरकारले जनतामा अपेक्षित आशा र भरोसा दिन नसकेको धारणा राखे। स्थानीय सरकार संघ र प्रदेशको चेपुवा त छँदै छ। उल्टै राति-राति गिट्टी चोर्ने तस्कार ठेकदारको चेपुवामा समेत परेको उनले दुःखेसो गरे। वास्तविक रूपमा वित्तीय संघीयताको कार्यान्वयन नै नभएको र नागरिकलाई अपेक्षाअनुसार सुशासन दिन नसकेकामा उनको चिन्ता थियो।

नेताहरू सत्तामूखी हुँदा युद्धको भावनालाई बिर्सेको गुनासो बेनीघाट रोराङ गाउँपालिकाका, धादिङका अध्यक्ष कृष्णबहादुर थपलियाको थियो। माओवादीको १० वर्षे सशस्त्र आन्दोलनमा संलग्न भएको स्मरण गर्दै उनले आफन्तहरू गुमाएको पीडादायी कथा सुनाए, 'हामीले जनयुद्ध लड्यौं, धेरै गुमायौं तर नेताहरू सत्तामूखी हुँदा संघीयता र गणतन्त्रको मर्मअनुसार काम भएन। रुकुम र रोल्पाका मगर पनि एकसुरा भए। हामीले ल्याएको व्यवस्था कति टिक्छ? दिगो हुन्छ? यो हामीमा नै निर्भर रहन्छ। तर, नेताहरूको व्यवहारलगायतका कारण यो व्यवस्थामाथि नै प्रश्नचिह्न खडा भएको छ।'

कटारी नगरपालिका उदयपुरका प्रमुख राजेशचन्द्र श्रेष्ठले संघीय र प्रदेशका योजनाहरू पालिकाकाभन्दा पनि साना रहेको गुनासो गरे। कुन तहको सरकारले के कतिसम्मका योजना राख्ने स्पष्ट विधि निर्माण जरुरी रहेको सुझाव उनको थियो। जनताले खोजेको व्यवस्था र अवस्था दुवैको परिवर्तन आवश्यक भएकामा केही उपलब्धि हासिल भए पनि नागरिकको अपेक्षाअनुसार हुन नसकेको धारणा उनले राखे।

पथरीशनिश्चरे नगरपालिका मोरङका प्रमुख दिलीपकुमार राईले प्रदेश र स्थानीय तहलाई संघले राम्रोसँग काम गर्न नदिएको धारणा राखेका थिए। उनका अनुसार, संविधानतः मालपोतको अधिकार स्थानीय सरकारको हो। तर, अझसम्म स्थानीयलाई हस्तान्तरण गरिएको छैन। शिक्षा र स्वास्थ्य सेवाको जिम्मेवारी पूरा गर्न पर्याप्त बजेट र जनशक्ति छैन। आन्तरिक स्रोत अति नै न्यून हुने पालिकालाई समेत समपूरक अनुदानमा संघीय सरकारले लागत सहभागिता खोज्ने गरेको उनको भनाइ थियो।

'स्थानीय तहलाई १५ शय्याभन्दा माथिको अस्पताल बनाउने अधिकार छैन। मेरो नगरमा ७२ हजार र बाहिरबाट आएर बसेका गरी सवा लाख जनसंख्या छ। तेह्रथुम जिल्लामा ८८ हजार जनसंख्या छ। त्यहाँ ५० शय्या र मेरो नगरमा १५ शय्याको अस्पताल बनाउन पाउने अधिकार जनसंख्याको आधारमा किटान हुनुपर्छ,' उनले गुनासो पोखे, 'संघीय सरकारको नीति विभेदकारी छ। सुरक्षाको सवालमा पनि दरबन्दी किटान गरिनुपर्छ।' संघीयतालाई दिगो बनाउन प्रदेशसभाको संख्या आधा कटौती गर्नुपर्ने र प्रदेशसभालाई वडाध्यक्षबाट निर्वाचित गर्नुपर्ने सुझावसमेत उनको थियो।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले प्रदेशको बचाउ गर्दै अहिले प्रदेशको खर्च जग निर्माणमा लागेको बताए। 'सुरुवाती चरणमा यस्तै हुन्छ, जग निर्माणमा गरिएको लगानी देखिँदैन,' उनले भने, 'अहिले प्रदेशको मूल्यांकन गर्ने समय भएको छैन।' बुझ्नेले प्रदेशलाई चुरेजस्तो मान्न सकिने र चुरे नभए तराई-मधेश बाँच्न नसक्ने उनको धारणा थियो। यूएसएडको एक कार्यक्रममा आफूलाई 'प्रदेश रहन्छ कि रहन्न' भनेर प्रश्न गरिएको सन्दर्भ कोट्याउँदै उनले भने, 'यस्तो प्रश्न गर्न हुँदैनथ्यो। मैले प्रदेश रहन्छ, रहनुपर्छ, चाहिन्छ भनेँ। यो त हाम्रो पार्टीको आधिकारिक नीति पनि हो।' संघीयताभित्र पनि विकेन्द्रीकृत नीति जरुरी रहेको धारणा उनको थियो। संविधानले समाजवादोन्मुख अर्थतन्त्र निर्माणको कुरा गर्छ। बीपीले परिकल्पना गरेको समाजवादमा लाग्न तीनै तहका सरकार इमानदार हुनुपर्ने सुझाव उनको थियो।

सुन्दरहरैचा नगरपालिका मोरङका प्रमुख केदारप्रसाद गुरागाईंले शिक्षा ऐनमा विलम्ब र शिक्षकहरूको केन्द्रीकृत सोचका कारण पालिकालाई काम गर्न अप्ठ्यारो भएको गुनासो गरे। संघीयता लडाइँको उपज भए पनि योभन्दा राम्रो जनगणतन्त्र रहेको उनको तर्क थियो। 'त्यो व्यवस्था ल्याउन नसके तापनि संघीयता ठीक छ। व्यक्ति दोषी हुन सक्छ, व्यवस्थाको दोष छैन। संघीयताको मर्म हामीले जति संघले बुझेको देखिँदैन,' उनले भने, 'एकात्मक व्यवस्थामा सांसदहरूले खेप्नुपर्ने प्रेसर अहिले स्थानीय तहले खेप्नुपरेको छ।'

यो समस्या नभएर उपलब्धिका रूपमा लिनुपर्ने धारणा उनको थियो। अघिल्लो वर्ष १२ प्रतिशत र अहिले ७ प्रतिशत वित्तीय समानीकरण अनुदान कम आएको उनले सुनाए। 'त्यो पनि आन्दोलन गरेपछि मात्र पायौं,' उनले भन्दै गए, 'संघ सरकारले अघिल्लो वर्ष यस नगरपालिकामा रबर खेती गर्ने भनेर ८ लाख पठायो। जब कि यहाँ रबर खेती नै हुँदैन। जहाँ जे आवश्यकता छ, त्यो पठाइँदैन। हामीलाई हरेक वर्ष शिक्षामा ६० लाख सेनेटरी प्याडका लागि बजेट आउँछ। हामीले यो यतै निर्माण गर्छौं भनेर संघसँग पहल गर्‍यौं। तर, सहयोग पाइएन।'

शक्ति केन्द्र र भनसुनका आधारमा बजेट विनियोजन गर्ने पद्धतिमा सुधार गर्न उनले सुझाए। प्रधानमन्त्री र मन्त्रीहरू आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर निस्कन नसकेको उनको गुनासो थियो। संविधान संशोधनको सवालमा पालिका प्रमुखहरूले मुख्यमन्त्री चयन गर्ने र विज्ञहरूबाट ५ जना मन्त्री बनाउने गरे प्रदेश बलियो हुने सुझाव उनको थियो। प्राकृतिक स्रोतको संरक्षणको जिम्मा प्रदेशलाई दिनुपर्ने, शिक्षा, स्वास्थ्य, कृषि र पशुपन्छी क्षेत्रको पूर्ण अधिकार स्थानीय तहको हुनुपर्ने धारणा उनले राखेका थिए।

गाउँपालिका राष्ट्रिय महासंघ, मधेश प्रदेशका अध्यक्ष जवाहरलाल यादवले संविधानमा टेकेर सत्तामा गएका दलहरूले नै संविधान खारेजको कुरा गर्नु बेइमानी भएको धारणा राखे। संघीयता मधेशी जनताको लडाइँबाट प्राप्त भएको र यसको सबलीकरणमा सामन्य नागरिकदेखि राष्ट्रपतिसम्मले छातीमा हात राखेर इमानदारीपूर्वक काम गर्नुपर्ने उनको सुझाव थियो। शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका क्षेत्र स्थानीयको अधिकार क्षेत्रभित्र परे पनि संघ र प्रदेशले स्थानीयको अधिकार क्षेत्र मिचेर धमाधम कार्यालय खोलेको गुनासो उनको थियो। कृषि ज्ञानकेन्द्र, पर्यटन विकास कार्यालय, दुग्ध विकास बोर्ड, पूर्वाधार विकास कार्यालय, सामाजिक विकास इकाइ, शिक्षा विकास इकाइ, रोजगार सूचना केन्द्र, भू तथा जलाधार व्यवस्थापनलगायतका कार्यालय खोलेर संघ र प्रदेशले स्थानीय तहको अधिकारको हनन गरेको उनले गुनासो गरे। 'स्थानीयको अधिकारका लागि जति संघसँग लड्नुपरेको छ, त्यति नै प्रदेशसँग पनि लडाइँ गर्नुपरेको छ,' उनले भने।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार शाहले संघीयता चाहिँदैन भन्नेहरू संविधान र मधेशविरोधी भएको धारणा राखे। प्रदेश र स्थानीय तहको अधिकारको सीमारेखा संविधानमा छ। तर, अधिकार प्रयोगमा संघीय सरकार बाधक रहेको गुनासो उनको थियो। कर्मचारी, प्रहरी र गुठीको अधिकार कार्यान्वयन नभए संघीयताको सुन्दरता गुम्ने उनले चिन्ता व्यक्त गरे। बर्दिवास नगरपालिका महोत्तरीका प्रमुख प्रल्हाद क्षेत्रीले स्थानीय तहमा विकासको लहर आएको धारणा राखे। आफूले दुई वर्षमा २५ किमि सडक पिच गरेको, दुई वटा पुल निर्माण गरेको, कृषि र शिक्षा क्षेत्र सुधारको अभियान छेडेको र आन्तरिक राजस्वको दायरा बढाएको विवरण सुनाए। संघीयता नभएको भए स्थानीय तहले जेजति अधिकार प्रयोग गर्न पाएका छन्, ती प्रयोग गर्नबाट वञ्चित हुने धारणा उनको थियो। जितपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले संविधानप्रदत अधिकारको प्रयोगमा स्थानीय तहलाई अंकुश लगाइएको गुनासो गरे। जनताको नजिकको सरकार हुनुका नाताले स्थानीय तहबाट जनताले केकति सेवा पाए र त्यो हेरिनुपर्ने उनको भनाइ थियो। राजनीतिक दलका नेताहरूले संघीयताको मर्म बुझ्न नसकेका कारण नै अहिले नागरिकमा निराशा उत्पन्न भएको धारणा उनको थियो।

हेटौंडा उपमहानगरपालिका प्रमुख मीना लामाले व्यवस्था राम्रो तर चालकहरू खराब भएका कारण समस्या सिर्जना भएको धारण राखिन्। 'संघले पठाउनुपर्ने अनुदान पठाउँदैन। हाम्रो कार्यक्षेत्र मिचेर संघीय र प्रदेशका योजनाहरू आउँछन्, त्यो पनि हामीसँग कुनै समन्वय नगरी,' उनले भनिन्, 'कृषिको कुरा गर्दा सरकारले यसपालि उत्पादन दशक भनेको छ। संघको काम क्वारेन्टाइन र अनुसन्धान हो। प्रदेशले ब्रान्डिङ र बजारीकरण गर्ने हो। उत्पादनको काम त स्थानीय तहको हो। तर, सरकारका तहबीचमा समन्वय र सहकार्य भएन।' स्थानीयमा जनशक्ति थप गर्नुपर्ने भए पनि संघमा जनशक्ति बढाउने काम भएको उनको भनाइ थियो। आवश्यकताभन्दा पनि नेताहरूका खल्तीका योजनाहरू आउने विकृति देखिएको उनले बताइन्। 'वागमती प्रदेशको राजधानी हेटौंडा हो। तर, यहाँको विकासमा प्रदेश सरकारले ध्यान दिएन, बरु उल्टै काठमाडौंमा सर्म्पक कार्यालय राखेर हेटौंडालाई विस्तारै विस्थापित

(बाँकी ३ पेजमा>>>

## स्थानीय सरकारको प्रश्न...

गर्ने क्रियाकलापमा प्रदेश सरकार लागेको हो कि भन्ने चिन्ता लाग्न थालेको छ,' उनले भनिन्।

किस्पाङ गाउँपालिका नुवाकोटका पूर्वअध्यक्ष छत्र लामाले संघले नीति निर्माण गर्ने, प्रदेशले विकास गर्ने र स्थानीयले कार्यान्वयन गर्ने धारणा राखे। स्थानीय तहलाई स-साना बजेटका योजना तथा कार्यक्रम संघले पठाउँछ। न त त्यसका लागि स्थानीय सरकारसक्षम रहेको उनले बताए। स्थानीय तहलाई अहिले ऐन कानुन, जनशक्ति र संविधानअनुकूल अनुदान चाहिएको उनको भनाइ थियो। तर, संघ आफ्नो मूल दायित्वबाट विमुख भएको गुनासो उनले गरे। घोराही नगरपालिका, दाङका प्रमुख तथा नेपाल नगरपालिका संघका महासचिव नरुलाल चौधरीले संविधानले दिएको अधिकार प्रयोग गर्नबाट स्थानीय सरकारलाई वञ्चित गरिएको गुनासो गरे। एकल अधिकारलाई साझा अधिकारका नाममा संघले हस्तक्षेप गरेको जिकिर उनको थियो। स्थानीयलाई अधिकार दिँदा जनतालाई सेवा प्रवाह गर्न सहज हुने भए पनि त्यसो हुन नसकेको उनले बताए। संघीयताका कारण धेरै भौतिक संरचना निर्माण भएको, सामाजिक आर्थिक क्षेत्रमा ठूलो परिवर्तन भएको धारणा उनको थियो। स्थानीय आवश्यकता एकातिर, संघीय सरकारको सोच र मानसिकता अर्कोतिर रहेकाले समन्वय हुन नसकेको भन्दै उनले प्रदेश-संघबीच समन्वय र सहकार्यमा जोड दिए।

कपिलवस्तु नगरपालिकाका प्रमुख सुदीप पौडेलले स्थानीय तहमा निर्दलीय निर्वाचन प्रणाली लागू गर्दा बेस हुने सल्लाहसमेत दिए। 'मैले चुनाव जित्दा ११,९०६ मत ल्याएँ। तर मेरा सबै विपक्षीको मत जोड्दा २० हजार हुन्छ। त्यसैले यस्तो निर्वाचन प्रणालीले जनताको वास्तविक प्रतिनिधित्व गर्दैन,' उनले भने। आफूले निःशुल्क शिक्षामा जोड दिएको, स्वास्थ्य बिमा लागू गरेको तर पालिकाको मूल समस्या छाडा चौपाया व्यवस्थापनमा रहेको दुःखेसो उनको थियो। सीमावर्ती भारतबाट अधिक संख्यामा बूढा गाईवस्तुहरू सीमा भित्र्याएर छाडिँदिँदा व्यवस्थापन गर्न सिमानाका पालिकालाई निकै अप्ठ्यारो भए पनि संघीय सरकारले अपेक्षित सहयोग नगरेको गुनासो उनको थियो।

खजुरा गाउँपालिका बाँकेका अध्यक्ष डम्बरबहादुर विकले आफू विगतमा माओवादी आन्दोलनमा सरिक भएको तर आन्दोलनबाट प्राप्त उपलब्धिको सही व्यवस्थापन हुन नसकेको गुनासो गरे। 'खजुरा बाँके जिल्लाको परिवर्तनको पक्षमा नेतृत्व गर्ने ठाउँ हो। पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीले भूमिगत कालमा यसै क्षेत्रमा सेल्टर लिएका हुन्, माओवादी आन्दोलनमा यस क्षेत्रमा १३ जना सहिद भए, राजा ज्ञानेन्द्रविरुद्धको जनआन्दोलन क्रममा सात राजनैतिक दल र माओवादीबीच संयुक्त जनआन्दोलन संयोजन समिति पहिलो पटक यसै स्थानमा बनेको हो,' उनले स्मरण गरे। गणतन्त्र र संघीयता प्रिय शब्द भए पनि त्यसको भावनाअनुसार काम हुन नसकेको उनको गुनासो थियो। स्थानीय तहको मातहतमा बस्दिनँ भन्ने शिक्षकहरूको केन्द्रीकृत मानसिकताले संविधान चिन्न नसकेको उनले बताए।

प्रदेशको स्थायित्वका लागि मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने गरी संविधान संशोधन गर्नुपर्ने उनले सुझाव दिए। दार्मा गाउँपालिका सल्यानका अध्यक्ष निमबहादुर केसीले एकात्मक व्यवस्थाका तुलनामा वित्तीय हस्तान्तरण बढेको धारणा राख्दै लडेर ल्याएको यो व्यवस्थाको स्थायित्वमा जोड दिनुपर्ने सुझाए।

तर, संघीय सरकारले तलका सरकारलाई आफ्नो मातहतको जस्तो ठान्ने र त्यो रोग प्रदेशमा पनि सरेको दुःखेसो उनको थियो।भेरीगंगा नगरपालिका सुर्खेतका प्रमुख यज्ञप्रसाद ढकालले संघीयताको विकल्प समृद्धि र सुशासन रहेको बताए। उनका अनुसार नागरिकलाई शासन व्यवस्थासँग कुनै लेनदेना छैन। नागरिकले चाहेको विकास र परिवर्तन हो। यसमा तीनै तहका सरकारले काम गर्ने हो भने शासन व्यवस्थामा देखिएको समस्या समाधान हुने उनले सुझाए। संघले राष्ट्रिय-अन्तर्राष्ट्रिय, प्रदेशले विकास र स्थानीयले सेवा प्रवाहमा जोड दिनुपर्ने सुझाव उनको थियो।

शिवालय गाउँपालिका जाजरकोटका अध्यक्ष शेरबहादुर शाहीले कर्णालीको विकासमा संघीय सरकारले सहयोग नगरको गुनासो गरे। 'कर्णाली पिछडिएको छ। हामीसँग ३५ किमि पाइप किन्ने पैसा छैन। प्रदेश पनि स्थानीय तहसँग समन्वय नगरी एक्लै हिँड्ने गरेको छ,' उनले दुःखेसो गरे।

वीरेन्द्रनगर नगरपालिका सुर्खेतकी प्रमुख मोहनमाया ढकालले 'हामी जो जहाँ छौं, त्यहीं केन्द्रित हुने गरेको' गुनासो गरिन्। यसले संघीयता कार्यान्वयनमा समस्या आएको र शक्ति केन्द्रीकृत गर्नमा मलजल पुगेको उनको भनाइ थियो। स्थानीय तहको पुनर्संरचना गर्दा वीरेन्द्रनगरलाई अवमूल्यन गरिएको दुःखेसो उनको थियो। 'सिंगो कर्णाली प्रदेशमा महानागरपालिका त कुरै छाडिदिऊँ, उपमहानरपालिकासमेत छैन। हामीकहाँ सबै पूर्वाधार छ, तर बेवास्ता गरिएको छ,' उनको गुनासो थियो।

समग्रतामा, संघीयतापश्चात् पनि संघ र प्रदेशले अधीनस्थजस्तो व्यवहार गरेको, आफ्नो अधिकार क्षेत्रमा हस्तक्षेप गरेको, बजेट वितरणमा विभेद गरेको, समानीकरण अनुदान कटौती गरेको गुनासो स्थानीय सरकारले गरेका छन्।

ससर्त अनुदान जथाभावी वितरण, कर्मचारी व्यवस्थापनमा असहयोग, आवश्यक कानुन तर्जुमा नगरेको, समन्वय र सहकार्यमा ध्यान नदिएको जस्ता समस्या स्थानीय सरकारमा देखिएका छन्। यस्तै, नीतिगत असमझदारीका कारण कार्यक्षेत्र स्पष्ट नभएको, कानुनी अस्पष्टता र आवश्यक प्रविधि तथा जनशक्ति अभावले स्थानीय सरकारका काममा समस्या उत्पन्न भएको गुनासोसमेत उनीहरूको छ। स्थानीय सरकारका गुनासा तथा दुःखेसा हटाउन प्रदेश र संघीय सरकारको विशेष ध्यान जान जरुरी छ।

गुनासा मेटाउने सबभन्दा भरपर्दो विधि अन्तरप्रदेश परिषद्, विषयगत समिति, प्रदेश समन्वय परिषद्लगायत अन्तरतह समन्वयकारी संस्थाको निरन्तर बैठक र त्यसका निर्णयको कार्यान्वयन हो।

संघीयताको मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहको भूमिका, कार्यक्षेत्र र समन्वयमा समस्या छ। संघीयता कार्यान्वयनमा संघीय सरकारको उदासीनता देखिन्छ। सुशासन प्रवर्द्धन र विकास निर्माणलगायतमा प्रदेश र स्थानीय सरकारलाई प्रोत्साहित गर्नुको सट्टा बाँधिइराख्ने प्रवृत्तिले संविधानको वास्तविक मर्म ओझेलमा परेको छ। संविधानको इमानदारितापूर्वक कार्यान्वयन र संघीयतको सबलीकरणमा संघीय सरकार र राजनीतिक दलहरू गम्भीर हुन जरुरी छ। -कान्तिपुर

# द्रोणकलाको योगदान स्मरणयोग्य : नेता पोखेल



कपिलवस्तु २२ कात्तिक

सामाजिक रुपान्तरणका निम्ति ८१ वर्षे स्व.द्रोर्णकला बेल्बासेको योगदान निकै स्मरण योग्य, रहेको नेकपा (एमाले) केन्द्रिय निर्वाचन आयोगका सदस्य झविलाल पोखेलले धारणा राख्नु भयो।

नेता पोखेलले स्व.द्रोर्णकला बेल्बासेको संझनामा नेकपा (एमाले) जिल्ला कमिटी कपिलवस्तुद्धारा विहिबार आयोजित श्रद्धाञ्जली सभामा यस्तो धारणा राख्नु भएको हो।

श्रद्धाञ्जली सभामा एमाले जिल्ला अध्यक्ष बाबुराम खनालले स्व.द्रार्णकला बेल्बासेले थुप्रै विकृती, विसंगतीका विरुद्ध साहसिक योगदान पुऱ्याउनु भएको चर्चा गर्नु भयो।

सभामा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य शारदा शर्माले महिला आन्दोलन र सामाजिक विभेदका विरुद्ध द्रोर्णकला बेल्बासेको योगदान उदाहरणिय रहेको चर्चा गर्नु भयो।

जिल्ला समन्वय समिति, कपिलवस्तुका अध्यक्ष बाबुराम आचार्यले आमाले देखाएको सत मार्गमा सामाजिक अभियान्ताको ध्यान जानु आवश्यक रहेको चर्चा गर्नु भयो।

जिल्ला अध्यक्ष बाबुराम खनालको अध्यक्षता, जिल्ला सचिव सिवि गहतराजको संचालनमा सम्पन्न कार्यक्रममा स्व. द्रोणकला बेल्बासेको जीवनी नेकपा (एमाले) कपिललस्तुका जिल्ला कमिटी सदस्य, बुद्धभूमि इन्चार्ज एवम् सुपुत्र देवी बेल्बासेले प्रकाश पार्नु भएको थियो । जीवनी प्रकाश पार्दै एमाले नेता समेत रहनु भएका बेल्बासेले ७ वर्षको बालिकामै विवाह बन्धनमा बाधिनु भएकी ममतामयी आमाले कठोर संघर्ष गर्नु परेको स्मरण गर्नु भयो। जीवनी प्रस्तुत गर्दै बेल्बासेले ८१ वर्षे आमाले नेपाली समाज रुपान्तरणको अभियानमा निकै महत्वपूर्ण, , आत्म साथ योग्य, सार्थक योगदान पुऱ्याउनु भएको प्रति आफुलाई गर्व लागेको चर्चा गर्दै जीवनी प्रस्तुत गर्नु भएको नेकपा (एमाले) जिल्ला प्रचार तथा प्रकाशन विभाग कपिलवस्तुले जनाएको छ।

श्रद्धाञ्जली सभामा एमाले नेता नेत्रराज अधिकारी, धर्मराज भुसाल, द्रोणराज सुवेदी, धनु अधिकारी, लुम्बिनी प्रदेश सभा सदस्य नवराज लामिछाने लगायतका नेता, कार्यकर्ता, इष्ट्रमित्रहरुको उपस्थिती रहेको एमाले जिल्ला उपसचिव शुसिला दरलामीले जानकारी दिनु भयो।

## छठ पर्व : कपिलवस्तुमा ...

र छठी माताको आराधना समेत गरेका थिए। छठमा उपबास बसी पुजाआजा गर्नाले पारिपार सुख संबृद्धिका साथै सन्तान प्राप्ती र रोग ब्याधी समेत निको हुने श्रद्धालु भक्तजनहरुको बिश्वास छ। उनीहरुले उक्त नदीमा पुजा गरी प्रसादका रुपमा आज बासको सामग्रीमा अर्ध्य दिएर केरा, ठेकुवा र भसुवा, मूला, केरा, उखु लगायतका परिकार चढाएका थिए।

छठ पवका लागि पुजा ब्यवस्थापन समिति गठन गरी जमुहार र रामघाट नदीमा पुजाआजाका लागि बिशेष ब्यवस्था गरेको थियो । समितिले टेन्ट, लगायतका सामग्रीहरुको ब्यस्था गरेको थियो। चार दिन सम्म मनाईने छठ शुक्रवार बिहान संपन्न हुदैछ। चोखो भोजनग्रहणगर्ने, सुयास्त पछि एक छाक खाने, अस्ताउदो र उदाउदो सुर्यलाई अर्ध्य दिने चलन छ। पुजा स्थलको सुरक्षार्थ नेपाल प्रहरी समेत र सशस्त्र प्रहरी परिचालन गरिएको थियो।


कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७
□याक्स न.+९७७ ७६५२०६८४

सूचना प्रकाशित मितिः२०८१/०७/२३

**सार्वजनिक रायसुझाव सम्बन्धी सूचना**

वातावरण संरक्षण नियमावली २०७७ को (नियम ७ को उपनियम (२) सँग सम्बन्धित) कृष्णनगर नगरपालिका अन्तर्गत कृष्णनगर नगरपालिका क्षेत्र भित्रपर्ने **चरगहवा र सुरही खोलावाट** बालुवा आदि सङ्कलन एवम् उत्खनन् गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) ( प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

**प्रकाशित मिति : २०८१ ०७ ३२३**

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, कृष्णनगर नगरपालिका, नगरकार्यपालिका द्वारा निम्न बमोजिको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ठेगाना : कृष्णनगर नगरपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, कपिलवस्तु<br>इमेल : munkrishnanagar@gmail.com<br>www.krishnanagarmun.gov.np,फोनं. ०७६-५२०१४७ |
| प्रस्तावको व्यहोरा | कृष्णनगर नगरपालिका क्षेत्रभित्र रहेका **चरगहवा र सुरही खोलाबाट** बालुवा सङ्कलन, उत्खनन् कार्य गर्दा भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणमा पर्ने प्रत्यक्ष-अप्रत्यक्ष असरहरूबारे विश्लेषण गरी बिक्रीवितरण, निकाशी र आन्तरिक राजस्वमा वृद्धि गर्नु । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | कपिलवस्तु जिल्ला, कृष्णनगर नगरपालिका, प्रभावित १,४,५,८,९ र १२ नं. वडा लगायत नगरपालिकाका सबै वडा ।<br>ठेगाना : कृष्णनगर नगरपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, कपिलवस्तु<br>इमेल : munkrishnanagar@gmail.com<br>www.krishnanagarmun.gov.np, फोनं. ०७६-५२०१४७ |

**माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने** क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको **मितिले ७ (सात) दिनभित्र** निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ठेगाना : कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, कपिलवस्तु ।<br>इमेल : munkrishnanagar@gmail.com<br>www.krishnanagarmun.gov.np, फोनं.नं. ०७६-५२०१४७ |
| **परामर्शदाताको नाम र ठेगाना** | **नाम : चन्द्रा रिर्सच कन्सल्टेन्सी प्रा.लि. ठेगाना : पाणिनी गा.पा, ६ नं. वडा, अर्घाखाँची, लुम्बिनी प्रदेश । फो.नं./मो. नं. : ०७७-४२०६५७/९८५७०६१४४१ सम्पर्क व्यक्ति : (इन्द्रमणि पौडेल, कार्यकारी निर्देशक)**<br>**इमेल : chandraresearchc@gmail.com/indramanipaudel@gmail.com** |



जनहितमा जारी सन्देश

-सडकको छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं
- घर जग्गा कर समयमा नै तिर्ने गरौं
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं
- बालश्रमको प्रयोग नगरौं नगराऔं
- जेष्ठ नागरिकको सम्मान गरौं
-आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय रुख बिरुवा रोपौं
- महिला हिंसा अन्त्यका लागि आआफ्नो ठाँउबाट काम गरौं
-भूकम्प प्रतिरोधी घर निर्माण गरौं

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय कपिलवस्तु

# कांग्रेस बाणगंगाले 'पालिका संवाद' कार्यक्रम गर्दै

कपिलवस्तु २२ कात्तिक

नेपाली कांग्रेस बाणगंगा नगर कार्यसमितिले पालिका संवाद कार्यक्रम गर्ने भएको छ।

कांग्रेस बाणगंगाले उक्त कार्यक्रम यही कार्तिक २५ गते आईतबार कपिलवस्तु उद्योग बाणिज्ज संघको सभाहल चारनम्बरमा गर्न लागेको नगर सभापति विष्णु थापाले जानकारी दिए।

उनले उक्त कार्यक्रममा पार्टीका लुम्बिनी प्रदेश सभापति अम्बरसिंह पुन आउने र यस क्षेत्रका जनतासंगै पार्टीका नेता कार्यकर्ताको आवाज सुन्ने बताए।

उनले यस कार्यक्रमले पार्टीलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।




उनले यस कार्यक्रममा सहभागी हुन पार्टीका टोल समिति, वडा समिति,नगर समिति, प्रदेश समिति, महाधिवेशन महासमिति लगायत नगर भित्रबाट क्षेत्र, जिल्ला लुम्बिनी प्रदेश, केन्द्र तहसम्म प्रतिनिधित्व गर्ने सबै नेताहरुलाई उपस्थित भई कार्यक्रमलाई भव्य रुपमा सफल पार्न आह्वान समेत गरेका छन् । नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति पुनले केही महिनायता कपिलवस्तुसहित प्रदेशका १२ वटै जिल्लाका प्रत्येक पालिकामा पुगेर 'पालिका संवाद' कार्यक्रम गर्दै आएका छन्।

# ट्रम्प राष्ट्रपति बन्नेबित्तिकै घट्यो सुनको भाउ

काठमाण्डौ २२ कात्तिक

अमेरिकामा भर्खरै सम्पन्न निर्वाचनबाट डोनाल्ड ट्रम्प राष्ट्रपति बन्नेबित्तिकै सुनको भाउ ह्वात्तै घटेको छ भने अमेरिकी डलरको विनिमय दरचाहिँ अहिलेसम्मकै उच्च भएको छ।

वर्तमान उपराष्ट्रपति कमला ह्यारिसलाई हराउँदै ट्रम्प बुधबार अमेरिकाको राष्ट्रपतिमा विजयी भएका हुन्।

यद्यपि उनलाई औपचारिक रूपमा राष्ट्रपति घोषणा गर्न बाँकी छ।

उनी राष्ट्रपति विजय भएको भोलिपल्टै बिहीबार (आज) अमेरिकी डलरको भाउ बढेको हो भने सुनको मूल्यचाहिँ ह्वात्तै घटेको हो।

नेपाल नेपाल राष्ट्र बैंकले बिहीबारका लागि १ अमेरिकी डलरको विनिमय दर १३५.१६ रुपैयाँ



(बिक्री दर) तोकेको छ। यो बिक्री दर अहिलेसम्मकै उच्च हो। आजका लागि १ अमेरिकी डलरको खरिद मूल्य भने १३४.५६ रुपैयाँ तोकिएको छ। उता सुनको भाउ भने तोलामा एकैचोटि ४ हजार रुपैयाँ घटेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार प्रतितोला १ लाख ६८ हजार ५०० रुपैयाँ रहेको सुनको मूल्य घटेर आज १ लाख ६४ हजार ५ सय रुपैयाँमा झरेको हो।

यसअघि सुनचाँदी व्यवसायका जानकारले ट्रम्पले चुनावी घोषणपत्रमा आफू निर्वाचित भए डलरलाई पुनः रिजर्भ करेन्सीका रूपमा विकसित गर्ने उल्लेख गरेकाले डलरको भाउ बढ्ने र सुनको घट्ने सम्भावना रहेको बताएका थिए।

# कपिलवस्तु महोत्सव : डान्स आइडल संयोजक महिला

कपिलवस्तु २२ कात्तिक

कपिलवस्तु उद्योग बाणिज्य संघको आयोजनामा यही मंसिर १९ गतेदेखि पुष २ गतेसम्म हुने १५ औँ कपिलवस्तु महोत्सवमा १३ औँ कपिलवस्तु डान्स आईडल हुने भएको छ।

जिल्लामा नृत्यमा रुचि राख्नेहरुकाबीच प्रतिस्पर्धा गराउने उद्देश्यले १३ औँ कपिलवस्तु डान्स आइडलको आयोजना गर्न लागिएको हो ।डान्स आइडलको संयोजकको जिम्मेवारी विष्णु मल्ल भट्टराईलाई प्रदान गरिएको छ।

नृत्युमा रुझान भएकाहरुका लागि आफ्नो प्रतिभा देखाउने डान्स आईडल एक महत्वपूर्ण प्याटफर्म भएको संयोजक मल्लले बताईन् । उनले



आईडलमा प्रतियोगी छनोटको प्रक्रिया केही दिनमै सुरु गर्ने तयारी रहेको समेत बताईन्।

नृत्युप्रति रुचि भएकाहरुले कपिलवस्तु उद्योग बाणिज्य संघको कार्यालय चारनम्बरमा सम्पर्क गर्न सक्नेछन्।

१५ औँ कपिलवस्तु महोत्सव बाणगंगा नगरपालिकाको चारनम्बरमा अवस्थित बुद्धरंगशालामा हुदैछ।

## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

➤शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
➤मुटु र मिर्गौलाले काम नगर्ने,
➤अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ ।

त्यसैले मधुमेहबाट बच्न,

➤शरीरको तौल सन्तुलित राखौं,
➤चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
➤पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
➤धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
➤रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
➤प्रशोधित खानाहरु नखाऔं,
➤तनाब व्यवस्थापन गरौं,
➤नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

-सडकको छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं
- घर जग्गा कर समयमा नै तिर्ने गरौं
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं
- बालश्रमको प्रयोग नगरौं नगराऔं
- जेष्ठ नागरिकको सम्मान गरौं
-आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय रुख बिरुवा रोपौं
- महिला हिंसा अन्त्यका लागि आआफ्नो ठाँउबाट काम गरौं
-भूकम्प प्रतिरोधी घर निर्माण गरौं

यशोधरा गाउपालिका
५ नं. वडा कार्यालय, कपिलवस्तु







कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही